# स्याङ्जाको चापाकोट र गल्याङ् आँप-लिची जोन

प्रकाश डोटेल
स्याङ्जा, ९ असार

स्याङ्जाका पूर्वी दक्षिण भेगका दुई नगरपालिकालाई मिलाएर आँप-लिची जोन बन्ने भएको छ। चापाकोट नगरपालिकाका १० वटै वडा र गल्याङ् नगरपालिकाका ५ वटा वडा मिलाएर आँप र लिची जोन बन्ने भएको हो।

प्रायः तराईका भूभागमा उत्पादन हुने आँप र लिची स्याङ्जामा पनि गरिने भएको छ । तराईको वातावरणसँग मिल्दोजुल्दो हावापानी भएकाले पहाडी जिल्लाको उक्त भूभागमा पहिलो र एकमात्र आँप-लिची जोन संचालनमा ल्याउन लागिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना स्याङ्जाले जनाएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना स्याङ्जा अन्तर्गत जिल्लाका २ नगरपालिकाका भूभाग समेटेर जोन बनाएर परियोजना संचालन गर्न लागिएको परियोजना प्रमुख माधव लम्सालले जानकारी दिए । चालु आर्थिक वर्षदेखि चापाकोटका १० वटै र गल्याङका कालीगण्डकी किनारका वडा नं. १, २, ३, ९ र १० वडा समेटेर आँप-लिची जोन संचालनमा ल्याउन लागिएको छ । समथर भूभाग र गर्मी हावापानी भएका कारण यस क्षेत्र आँप र लिचीको उर्वर क्षेत्रका रुपमा लिईन्छ । रैथाने जातका आँप र लिचीको त्यस क्षेत्रमा विगतदेखि उत्पादन गरिदै आएको छ । चापाकोट क्षेत्रमा प्रशस्तरुपमा आँच र लिचीका बगैंचा छन् । प्रायजसो सबैका घरमै आँप र लिचीका बोट भएपनि व्यवसायिक बनाउन जोन संचालन गर्न लागिएको हो । आधुनिक कृषि प्रविधिको उपयोगसँगै बगैचाको उचित ब्यवस्थान गरेर उत्पादकत्व बढाएर बजारीकरणसँगै आयआर्जन बढाउने परियोजनाको मुख्य उद्देश्य रहेको प्रमुख लम्सालले बताए । जोन संचालन भएपछि कृषकलाई प्रत्यक्ष लाभ मिल्ने लम्सालले विश्वास गरे। कृषकको माग बमोजिम जोन संचालनमा ल्याइएको छ। स्थानीय कृषकको एक भेलाले चापाकोट र गल्याङ्का कृषकको प्रतिनिधित्व हुनेगरी विश्वास पुरीको संयोजकत्वमा ९ सदस्यीय आँप-लिची जोन संञ्चालन समन्वय समिति गठन भएको छ । समितिले बगैंचा ब्यवस्थापनदेखि बिरुवा रोप्ने र कृषकलाई आवश्यक पर्ने कृषि औजार तथा मेशिनरी लगायत सिंचाईका योजनाका काममा समन्वय गर्ने छ। पहिलो चरणमा आँप-लिची रोप्नका लागि खाडल खन्ने काम पूरा भएको छ । चालु वर्षमै झण्डैं सय हेक्टर क्षेत्रफलमा आँप-लिचीका बिरुवा रोप्ने लक्ष्य राखिएको छ । चितवनबाट १० हजार वटा बिरुवा खरिदगरी ल्याउने तयारी भैरहेको परियोजना प्रमुख लम्सालले बताए। उनका अनुसार 'आम्रपाली' जातका आँप र 'शाही' जातका लिची रोपिने छ । दुबै जातका बिरुवाले ३/३ वर्षमै उत्पादन दिनेछ । ब्यक्ति, फर्म, समूहगरी जोनमा करिब १ सय कृषक सूचिकृत भएका छन् । प्रतिब्यक्ति २ सय रोपनीसम्म आँप र लिची रोप्न तयारी गरिएको छ। मलखाद, खाद्यतत्व, रोगको उपचारलगायतका बारेमा कृषकलाई प्रशिक्षण दिईएको छ । हाल उत्पादन दिईरहेका बोटमा कीटनाशक औषधी छर्कने काम भएको संयोजक विश्वास पुरीले जानकारी दिए।



परियोजनाले ५ सय हेक्टर क्षेत्रफलमा आँप-लिचीका बिरुवा रोपण गर्ने लक्ष्य राखेको छ। चापाकोट र गल्याङ् नगरपालिकाका कृषकको आयस्तरमा बृद्धि गर्ने लक्ष्यसहित परियोजना संचालनमा ल्याएको प्राबिधिक प्रमुख इन्द्र सुवेदीले बताए। आँप-लिचीको व्यवसायिक उत्पादनबाट ३ वर्षमा करिब १ हजार कृषक स्वरोजगार बन्ने छन् ।

# ट्र्याक खोलेको २८ वर्षपछि सडक कालोपत्र

पोखरापत्र संवाददाता
वालिङ, ९ असार

स्याङ्जाको गल्याङ र चापाकोटलाई जोड्ने सडक ट्र्याक खोलेको २८ वर्षपछि कालोपत्र भएको छ।

भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय गण्डकी प्रदेशबाट विनियोजित बजेटबाट गल्याङ-चापाकोट सडकखण्डको लल्याङदेखि बारीचौरसम्म पाँच किमी सडक 'अस्फाल्ड प्रविधि' को प्रयोग गरी कालोपत्र गरिएको हो। कालीगण्डकी नदीको प्रायःजसो किनारबाट निर्माण गरिएको दक्षिण पूर्वी स्याङ्जालाई सिद्धार्थ राजमार्गसँग जोड्ने महत्वपूर्ण सडक हो । दैनिक सयौंको सङ्ख्यामा साना ठूला सवारीसाधन सञ्चालन हुने उक्त सडक घाम लाग्दा निक्कै धुलो र पानी पर्दा हिलाम्य हुने गरेको थियो। सडक कालोपत्र हुन नसकेकोमा भने स्थानीयले पटक-पटक आवाज उठाउँदै आएका छन्। मन्त्रालयले विनियोजन गरेको रु १३ करोड ३४ लाखमध्ये लामा कान्तिपुर जेभी काठमाडौंले रु आठ करोड ८१ लाख ४८ हजारमा ठेक्का सम्झौता गरेको उक्त आयोजनाका इञ्जिनियर सुजन पोखरेलले जानकारी दिनुभयो । कोभिडलगायतका कारण समयमै काम सुरु गर्न नसकेको उहाँले बताउनुभयो।

सिद्धार्थ राजमार्गको गल्याङदेखि जिल्लाकै समथर भूभाग रहेको चापाकोटलाई राष्ट्रिय राजमार्गसँग जोड्नका लागि खोलिएको ट्र्याकको स्तरोन्नति हुन नसकेपछि प्रदेशसभामा पटक-पटक आवाज उठाएर काम सुरु भएको गण्डकी प्रदेशसभा सदस्य भागवतप्रकाश मल्लले बताउनुभयो । यहाँका नागरिकको समस्यालाई मध्यनजर गर्दै सदनमा आवाज उठाएपछि विस्तृत अध्ययन प्रतिवेदन तयार गरी बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो । कूल २१ किलोमिटरमध्ये अब बाँकी रहेको १६ किलोमिटर सडक पनि क्रमागतरुपमा रहेकाले कालोपत्र हुँदै जाने उहाँले जानकारी दिनुभयो । "गल्याङ-चापाकोट सडकलाई कालोपत्र गर्नका लागि डिपिआर गरिसकिएको छ", उहाँले भन्नुभयो, "अब दुई खोलामा पुल/कल्भर्ट बनाईने छ भने बाँकी रहेको सडकलाई कालोपत्र गर्दै अगाडि बढिने छ।" गल्याङ नगरपालिकाको केन्द्रदेखि चापाकोट नगरपालिकाको केन्द्रसम्म अर्थात् दुई पालिकालाई सडक सञ्जालमार्फत जोडिने भएकाले पनि उक्त सडकको स्तरोन्नतिमा चासो दिनुपर्नेमा सरोकारवालाले जोड दिएका छन्।

ट्र्याक खोलिएको लामो समय हुँदा पनि सडक कालोपत्र नहुँदा यात्रुले सास्ती खेप्दै यात्रा गर्नुपर्ने बाध्यता छ। विसं २०७७ फागुनमा ठेक्का सम्झौता भएको उक्त सडक २०७९ भदौसम्ममा सम्पन्न गर्नुपर्ने थियो।

# पोखरा स्पोर्ट्स अवार्डको लागि होटल पौवाको साथ

पोखरापत्र संवाददाता
पोखरा, ९ असार

यही असार १८ गते पोखरामा हुने छैटौं संस्करणको पोखरा स्पोटर्स अवार्ड २०७८ लाई सफल पार्न होटल पोवाले साथ दिने भएको छ । उक्त अवार्डको होटल पाट्नरको रुपमा पोखराको लेकसाईडमा रहेको होटल पौवाले साथ दिने भएको नेपाल खेलकुद पत्रकार मञ्च, गण्डकीले जनाएको छ।

विहिबार एक समारोहका बिच होटलका प्रमुख परिचालन अधिकारी (सिओओ) कृष्ण गौतम र मञ्चका अध्यक्ष दीननाथ बराल बिच सम्झौता पत्रमा हस्ताक्षर भएको महासचिव राजाराम पौडेलले बताए। मंचले आयोजना गर्ने उक्त अवार्डले गण्डकी प्रदेशको खेल सहित पर्यटन प्रबर्द्धन हुने भएकोले होटलले साथ दिएको सिओओ गौतमले बताए । उनका अनुसार होटल पौवाको पोखरा ११ औं शाखा हो, उक्त होटलमा हाल ३९ वटा रुम रहेका छन भने न्यूनतम ३ हजार ५ सय देखि ८ हजार मुल्य बराबरका डिलक्स देखि सुइट रुमसम्म रहेका छन्।

पोखरा स्पोटर्स अवार्ड सफल पार्न विभिन्न संघ संस्थाले मञ्चसंग सहकार्य, साथ र सहयोग गर्ने क्रम जारी रहेको मञ्चका अध्यक्ष बराललले बताए । पोखरा स्पोटर्स अवार्ड सम्पुर्ण गण्डकी प्रदेश बासी खेलकुदकर्मीहरुको लागि एउटा इभेण्ट भएकोले उक्त कार्यक्रम सफल पार्न सवैको साथ सहयोग आवश्यक भएको मञ्चका अध्यक्ष बरालले बताए । पोखरा स्पोटर्स अवार्ड अर्न्तगत उदीयमान खेलाडीको पुरस्कार प्रायोजन पोखराको सहारा क्लवले गरेको छ । उक्त अवार्ड सफल पार्न काठमाण्डौंको जु जु वेर्सले सहकार्य गरेको छ।



विश्व खेलकुद पत्रकार दिवसको अवसरमा असार १८ गते पोखरा उद्योग वाणिज्य संघको हलमा हुने पोखरा स्पोटर्स अवार्ड २०७८ कार्यक्रम मार्फत मञ्चले लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, उदीयमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ र उत्कृष्ट खेल पत्रकारलाई अवार्ड वितरण गर्ने मञ्चका महासचिव पौडेलले बताए।

# क्यामरुनी टोली एभिनियर फाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, ९ असार

क्यामरुनको एभिनियर क्लब पोखरामा जारी छैटौं हेम्जा अन्तराष्ट्रिय गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

बिहिबार हेम्जा स्थिति गौरीशंकर खेलमैदानमा भएको अत्यन्तै प्रतिस्पर्धात्मक सेमिफाइनल खेलमा चर्च ब्वाइज युनाइटेडलाई २-१ गोल अन्तरले हराउँदै एभिनियर फाइनलमा प्रवेश गरेको हो। हेम्जा युनाइटेड क्लबको आयोजनामा भएको प्रतियोगिताको चौथो मिनेटमा नै चर्चब्वाइजले पहिला अग्रता लिएको थियो। चर्च ब्वाइजका कप्तान मिलन राईले हेडमार्फत गोल गरे । चर्च ब्वाइजले फ्रिकिकमा गोल गरेको हो।

त्यसको ३ मिनेट पछि एभिनियरले पेनाल्टीको अवसर प्राप्त गरेको थियो । सामेसामेले प्रहार गरेको बलले विवेक पौडेलको हातमा लागेपछि ७ औं मिनेटमा पेनाल्टीको अवसर प्राप्त गरेको थियो । एभिनियरका आनिसेले उक्त पेनाल्टीको सदुपयोग गर्दै सहजै गोल गरेका थिए। यस अघि छैटौं मिनेटमा एभिनियरका सामेसामेकै प्रहारलाईचर्चब्वाइजकागोलरक्षक किशोर गिरीले उत्कृष्ट बचाउ गर्दै टोलीको संकट टारेका थिए । २१ औं मिनेटमा एभिनियरले पाएको फ्रिकिकको सदुपयोग गर्न नसक्दा अग्रता दोब्बर पार्न बाट चुक्यो। चर्च ब्वाइजका विवेकले नै एभिनियरका टिम्बाटिम्बालाई लडाएपछि फ्रिकिकको अवसर प्राप्त गरेको थियो । नेल्सनले प्रहार गरेको उक्त फ्रिकिक निकै बाहिरियो । २९ औं मिनेटमा चर्च ब्वाइजका अञ्जन विष्टको हेडरलाई एभिनियरका गोलरक्षक कोभास्सिले उत्कृष्ट बचाउ गर्दा चर्च ब्वाइज अग्रता गर्न बाट चुक्यो । ४४ औं मिनेटमा अर्को अवसर खेर फाल्यो । आसिष चौधरीको पासमा कप्तान मिलनको प्रहारलाई पुनः गोलरक्षक कोभास्सिले बचाउ गर्दै गोल गर्ने अवसर विफल पारिदिए।



खेलको पहिलो हाफ १-१ गोलको बराबरीमा रोकियो । दोस्रो हाफमा भने एभिनियर खेलमा हाबि भएको थियो । खेलको ५१ औं मिनेटमा चर्च ब्वाइजका दिनेश राजवंशीले एभिनियरका स्टेफनलाई लगाएपछि विवाद भएको थियो। मुख्य रेफ्री सन्तोष गुरुङले उनीहरु दुवैलाई रातो कार्ड दिएका थिए।

त्यसपछि दुवैटोली १० खेलाडीमा सिमित भएका थिए । दोस्रो हाफमा चर्च ब्वाइजलाई निकै दबाबमा राखेको एभिनियरका लागि साङ्गले उत्कृष्ट गोल गर्दै अग्रता दोब्बर पारे । उनले ७६ औं मिनेटमा २ डिफेन्डरलाई बिट गर्दै उत्कृष्ट गोल गरेका थिए। उनी खेलको म्यान अफ दि म्याच समेत घोषित भए । एभिनियरले यस अघि एपिएफ क्लबलाई हराउँदै सेमिफाइनलमा प्रवेश गरेको थियो । जितसंगै एभिनियरले उपाधिका लागि आयोजक हेम्जा युनाइटेडसंग भिड्ने छ । आयोजक हेम्जाले क्वटरफाइनलमा विरगंज युनाइटेडलाई र सेमिफाइनलमा खुमलटार युथ क्लबलाई २-० ले हराउँदै फाइनलको यात्रा तय गरेको हो। उपाधी भिडन्त भने शनिबार हुनेछ। विजेताले नगद ६ लाख रुपैयाँ तथा उपविजेताले ३ लाख रुपैयाँ प्राप्त गर्नेछन्।


महिला कर्मचारी आवश्यकता

अनलाइन सेल्सको लागि सोसल मिडिया मार्केटिङ्ग गर्ने महिला कर्मचारी चाहियो

सङ्ख्या : ५ जना
योग्यता : +२, SLC/SEE वा सो सरह बेसीक कम्प्युटर ज्ञान भएको
Instagram, Facebook, Tik Tok र Google मा मार्केटिङ्ग गर्ने

Walk in Interview with your Biodata
Call/Whatsapp : 9813541600

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# माधव नेपालको निर्णय कार्यान्वयनमा आलटाल नहुने

नेकपा एमालेबाट विद्रोह गरेर बनेको नेकपा एकीकृत समाजवादी मन्त्री फेर्ने पार्टी निर्णय गराउन रोइलो गर्नुपर्ने अवस्थामा पुगेको छाजेठ २२ मा गरेको मन्त्री हेरफेर गर्ने निर्णय कार्यान्वयन हुन नसकेर अलपत्र परेको छ । धर्तीका कुनै पनि तागतले मन्त्री फेर्ने निर्णय रोक्न नसकने दावी १८ दिन बितिसक्दा पनि हावा खाएको छ । सार्वभौम पार्टीको निर्णयलाई सत्ता गठबन्धनका नेताहरूले खेलाउँदै छन् । मन्त्री सिफारिश भएका व्यक्ति सपथ खान नपाएर बेहाल भएका छनापार्टी फुटाउन अग्रसरता देखाउने प्रधानमन्त्री शेर बहादुर देउवा अहिले पार्टी निर्णय कार्यान्वयनमा जटिल बन्दै गएको छ । त्यसबेला एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले प्रधानमन्त्री शेरबहादुर देउवासँगको परामर्शमा नै आफ्नो पार्टीका मन्त्री फिर्ता बोलाउने निर्णय गराएका थिए ।

जेठ २२ गते बिहान प्रधानमन्त्री देउवा र अध्यक्ष नेपालले प्रधानमन्त्री निवास बालुवाटारमा भेट गरेर मन्त्रिपरिषद हेरफेरबारे सहमति गरेको एकीकृत समाजवादीका नेताहरू बताउँछन् । त्यही सहमतिअनुसार, नेपालले पार्टीको सचिवालय बैठकबाट मन्त्री फिर्ता बोलाउने निर्णय गराएका थिए । सचिवालयको निर्णय कार्यान्वयन गराउने विषय अहिले एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालका लागि फलामको चिउरासरह भएको छ । एकीकृत समाजवादीकातर्फबाट सरकारमा सहभागी स्वास्थ्यमन्त्री विरोध खतिवडा, शहरी विकासमन्त्री रामकुमारी झाँक्री, पर्यटन मन्त्री प्रेम आले र श्रम तथा रोजगार मन्त्री कृष्णकुमार श्रेष्ठलाई फिर्ता बोलाउने निर्णय तीन सातादेखि अलपत्र छ ।

स्वास्थ्य राज्यमन्त्रीको जिम्मेवारीमा रहेका भवानी खापुडलाई भने स्वास्थ्यमन्त्रीमा बढुवा गर्ने र अन्य नयाँ मन्त्रीको जिम्मेवारीमा जीवनराम श्रेष्ठलाई पर्यटन, शेरबहादुर कुँवरलाई श्रम, मेटमणि चौधरीलाई शहरी विकास मन्त्री र हिरा केसीलाई स्वास्थ्य राज्यमन्त्रीको जिम्मेवारीमा पठाउने एकीकृत समाजवादीको निर्णय छ । मन्त्रीमा सिफारिश भएकाहरू शपथग्रहणको दिन पर्खेर बसेका छन् । तर, प्रधानमन्त्री देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सहयोग नगर्दा माधव नेपाल अप्ठ्यारोमा परेका छन ।

पार्टीका 'सम्मानित नेता' झलनाथ खनालको जोडबलमा मन्त्री फेर्ने निर्णय भएको एकीकृत समाजवादी नेताहरूसँग बसेर भ । अहिले पनि उनले नयाँ मन्त्रीलाई शपथ गराउन पार्टीभित्र र गठबन्धनमा दबाब सिर्जना गरिरहेका छन् । मन्त्रीबाट फिर्ता बोलाउँदा केही मन्त्रीले पार्टी नै छाड्नेसम्मको धम्की दिएपछि माधव नेपाल अप्ठ्यारोमा परेको एकीकृत समाजवादीकै नेताहरू स्वीकार्छन् । माधव नेपाल स्वयंले पनि केही दिनअघि सम्पादकहरूसँगको छलफलमा मन्त्रीका बारेमा टिप्पणी गर्न अप्ठ्यारो रहेको भनेर निरीहता प्रस्तुत गरेका थिए ।

'पार्टीले मन्त्री सिफारिश गर्दा ६ महिनाका लागि भनेर गरेको विषय लिएर 'सम्मानित नेता'ले मन्त्री फेर्नुपर्ने विषयमा पार्टीमा छलफल गर्नुभएको हो । उहाँको प्रस्तावमा अध्यक्षले सहमति जनाएर निर्णय पनि गराउनुभयो । तर, गठबन्धन भित्रैबाट असहयोग भएर निर्णय अलपत्र परेको छ', एक स्थायी समिति सदस्यले बताए । जेठ २२ मा भएको निर्णय कार्यान्वयन हुन नदिन एकीकृत समाजवादीबाट मन्त्री भएका प्रेम आले, विरोध खतिवडा लगायतले माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र प्रधानमन्त्री देउवालाई दबाब दिएका थिए ।

त्यसबेला उनीहरूले संसद्मा बजेटमाथि छलफल भइरहेको र बजेटका विषयमा जवाफ दिनुपर्ने भएकाले तत्काल मन्त्रीबाट हटाउन नहुने तर्क गरेर देउवा र प्रचण्डलाई कन्भिन्स गराएका थिए । देउवाले पनि संसदबाट बजेट पारित नभई मन्त्रिपरिषद् हेरफेर नहुने जवाफ नेपाललाई दिएपछि त्यसबेला मन्त्रिपरिषद हेरफेरको कुरा स्थगित भएको थियो । संसदबाट बजेट पारित भएपछि भने मन्त्रीमा सिफारिश भएका व्यक्तिहरूले अहिले पार्टीमा दबाब बढाएका छन् । 'पार्टीको निर्णय कार्यान्वयनको पहल गर्न शीर्ष नेताहरूलाई भनेका छौं । दलले मन्त्री फेर्ने निर्णय गरेपछि त्यसलाई कार्यान्वयन गराउनु प्रधानमन्त्रीको दायित्व हो । तर, उहाँले बहानाबाजी गरिरहनुभएको छ ।

दलीय संस्कृति र गठबन्धनको संस्कृतिमा पनि यो सुहाउने कुरा भएन', एकीकृत समाजवादीबाट मन्त्री सिफारिश भएका एक नेताले लोकान्तरसँग भने । 'सम्मानित नेता' झलनाथ खनाल र सिफारिश भएका मन्त्रीहरूले दबाब दिएपछि पार्टी अध्यक्ष नेपालले सरकारमा रहेका मन्त्रीहरूसँग बुधबार छलफल गरेका थिए । पार्टीको निर्णय कार्यान्वयनमा सघाउन उनले मन्त्रीहरूलाई आग्रह गरेका थिए । तर, मन्त्रीबाट फिर्ता बोलाउँदा केही मन्त्रीले पार्टी नै छाड्नेसम्मको धम्की दिएपछि माधव नेपाल अप्ठ्यारोमा परेका छन । त्यसबाहेक, उनीहरूले मन्त्री हटाउने निर्णय प्रक्रियामाथि पनि प्रश्न उठाएका थिए । मन्त्री झाँक्रीले मन्त्री फिर्ता बोलाउने निर्णय संसदीय दलबाट नगरेर किन सचिवालयबाट गरेको भनेर प्रश्न गरेकी थिइन् । अध्यक्ष नेपालले भने मन्त्रीहरूलाई ६ महिनाका लागि जिम्मेवारी दिएर पठाएको कुरा सम्झाएका थिए ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : आर्थिक समस्या | मकर | : झमेला बढ्ने |
| सिंह | : मन चञ्चल | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# जिल्लाबाहिर पनि २५१.७७५ मेट्रिक टन वितरण

पोखरापत्र संवाददाता
दमौली, ९ असार

कार्यालयले तनहुँका अतिरिक्त लमजुङमा पनि मल बिक्री वितरण गर्दै आएको छ । लमजुङका ११२ डिलरबाट २५९.७७५ मेट्रिक टन मल वितरण गरिएको कार्यालयले जनाएको छ । लमजुङको मध्यनेपाल नगरपालिकाबाट सात वटा डिलरबाट ४३ मेट्रिक टन युरिया, १६.५ मेट्रिक टन डिएपी र २.७५ मेट्रिक टन पोटास मल बिक्री वितरण गरिएको छ । मर्स्याङ्दी गाउँपालिकास्थित दुई वटा डिलरबाट ३.५ मेट्रिक टन युरिया, ०.७५ मेट्रिक टन डिएपी, ०.५ मेट्रिक टन पोटास र ०.२५ मेट्रिक टन कृषि चुन वितरण गरिएको छ । राइनास नगरपालिकास्थित आठ वटा डिलरबाट ३८.२५ मेट्रिक टन युरिया, ६.५ मेट्रिक टन डिएपी, १.१ मेट्रिक टन पोटास, बेँसीशहर नगरपालिकास्थित छ वटा डिलरबाट ३३ मेट्रिक टन युरिया, २.८५ मेट्रिक टन डिएपी, २ मेट्रिक टन पोटास र ०.६२५ मेट्रिक टन कृषि चुन वितरण गरिएको छ ।

सुन्दरबजार नगरपालिकास्थित १२ वटा डिलरबाट ७२.३५ मेट्रिक टन युरिया, ३३.९ मेट्रिक टन डिएपी, १.३५ मेट्रिक टन पोटास र ०.६ मेट्रिक टन कृषि चुन बिक्री वितरण गरिएको छ ।

# अझै भएनन् बाढीपीडितका ६३२ घर पुनःनिर्माण

पोखरापत्र संवाददाता
बागलुङ, ९ असार

तीन वर्ष पहिले वर्षाको समयमा बाढीपहिरोको चपेटमा परेको बागलुङको जैमिनी नगरपालिका-१ कुश्मीशेराका तीलक थापाको घर खण्डहरमा परिणत भयो । भीषण वर्षापछि घरपछाडिको जमिन भत्किएर उहाँको घरनै भत्काइदिएको थियो । थापाको परिवार अहिले पनि छिमेकीको घरमा बस्दै आएका छन् ।

सरकारले बाढीपहिरोबाट भत्केका घरको पुनःनिर्माणका लागि अनुदान दिने भन्ने खबर पाएपछि थापाले आवश्यक कागजात तयार गरेर नगरपालिकामा बुझाउनुभयो । कागजात बुझाएको दुई वर्ष बित्न लाग्दासमेत अनुदान पाउने प्रक्रिया सुरु नभएको उहाँको गुनासो छ । थापा मात्रै होइन् बागलुङ जिल्लाका ६३२ बाढीपहिरो पीडितले अझै पनि पुनःनिर्माणका लागि अनुदान नपाएका हुन् । सूचीकृत भएका पीडितको कार्यविधि अनुसारको प्रक्रिया नपुगेका कारण उनीहरूले अनुदान रकम पाउन सकेका छैनन् । सरकारले सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारीमा पहाडी क्षेत्रका लागि बाढीपहिरोका कारण पूर्ण क्षति भएका घरको लागि रु चार लाख अनुदान दिने विधि तयार गरेको छ । मनसुनजन्य विपत् प्रभावित पुनःनिर्माण पुनःस्थापना कार्यक्रम अन्तर्गत सङ्घीय सरकारको ६०, प्रदेश सरकारको ३० र स्थानीय सरकारको १० प्रतिशत सहभागीतामा मात्रै अनुदान दिने व्यवस्था छ ।

सो विधिअनुसार स्थानीय तहले प्रक्रिया पुऱ्याउन नसक्दा अनुदान उपलब्ध गराउन नसकिएको जिल्ला प्रशासन कार्यालय बागलुङले जनाएको छ । पीडितमध्ये हालसम्म बागलुङ नगरपालिकाका २१ र बडिगाड गाउँपालिकाका १४ जनाले अनुदानबापतको पहिलो किस्ताको रकम पाएका छन् । जैमिनी नगरपालिकाका ६० मध्ये ३० परिवारको पहिलो किस्ताको रकम दिने प्रकृया सुरु भएको छ भने बाँकी ३० जनाको कागजात पुगेको छैन् । पीडितले अनुदान पाउनका लागि स्थानीय तहले कागजात पूरा गरेर जिल्ला प्रशासन कार्यालयमा पठाउनुपर्छ ।

जिल्ला प्रसासनले प्रमाणित गरेपछि मोबाइल एपमा प्रविष्ट हुनुपर्ने व्यवस्था रहेको जिल्ला प्रशासन कार्यालयका नायब सुब्बा तेजराज गौतमले बताउनुभयो । "धेरैको कागजात पुगेको छैन, कागजात पुगेकाहरूको पनि मोबाइल एपमा प्रविष्ट भएको पाइएन्", उहाँले भन्नुभयो "हालसम्म ४८० जनाको मात्र मोबाइल एपमा प्रविष्ट भएको छ ।"

स्थानीय तहले आवश्यक प्रक्रिया पुरा नगरिदिँदा पीडितले राहत पाउनबाट वञ्चित भएको गुनासो गर्न थालेका छन् । बागलुङका १० वटै स्थानीय तहमा बाढीपहिरो प्रभावित भएपनि अहिलेसम्म राहत नपाएको पाइएको हो । मनसुनजन्य विपत् प्रभावित पुनःनिर्माण पुनःस्थापना कार्यक्रम पीडितले पाउने रकम भने जिल्ला प्रशासन कार्यालयमा पठाइसकेको जनाइएको छ । जिल्लाको सबैभन्दा बढी पीडित ढोरपाटन नगरपालिका, निसीखोला गाउँपालिका र जैमिनी नगरपालिकामा रहेका छन् । ढोरपाटन नगरपालिकाका ७० घरको कागजात पुगेर प्रमाणित भएको छ । निसीखोलामा ३० घरको प्रमाणित भए पनि ४ घर बाँकी छन् । काठेखोला र तमानखोलालले भने कागजातनै पठाएका छैनन् । बाढीले घरबारी बगाएको दुई वर्षसम्म पनि सरकारबाट पाउनु पर्ने राहत नआएको बाढीपीडित कुलबहादुर विकले बताउनुभयो । उहाँले कागजपत्र पालिकामा पठाएको दुई वर्ष हुन लागेको भन्दै अहिलेसम्म आफूहरूले राहत पाउने र नपाउने विषयमा टुङ्गो नभएको बताउनुभयो । बाढीपहिरोबाट पीडितका घर पुन निर्माणका लागि पहिलो किस्ता ५० हजार, दोस्रो किस्ता दुई लाख र तेस्रो किस्ता १ लाख ५० हजार दिने कार्यविधि छ । साझेदारीमा सञ्चालन हुने कार्यक्रमको लागि पहिलो वर्ष स्थानीय तहले जम्मा गर्नुपर्ने रकम जम्मा नगरेका यहाँका स्थानीय तहले पछिल्लो पटक कागजात पुरा गर्ने र प्रमाणित गर्ने काममा बिलम्ब गरेका हुन् । पुनःनिर्माणको काम समयमा हुन नसक्दा पीडित मर्कामा परेका छन् ।

# एक सय एक परिवारलाई लालपुर्जा

पोखरापत्र संवाददाता
दमौली, ९ असार

नापी कार्यालय तनहुँले ऋषिङ-४ भीरकोटका एक सय एक परिवारलाई गाउँ ब्लक अन्तर्गत लालपुर्जा वितरण गरेको छ । साविकको भीरकोट गाउँ विकास समिति अन्तर्गत १७ वटा गाउँ ब्लक नापी सम्पन्न भएपछि कार्यालयले उक्त परिवारलाई लालपुर्जा वितरण गरेको हो ।

गाउँ ब्लक नापी सम्पन्न भई दर्ता भइसकेका जग्गाधनीलाई लालपुर्जा वितरण गरिएको नापी कार्यालय तनहुँका प्रमुख कृष्ण आचार्यले जानकारी दिनुभयो । ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठ र नापी कार्यालय प्रमुख आचार्यले संयुक्त रूपमा सर्वसाधारणलाई पुर्जा वितरण गर्नुभएको थियो । पुर्जा नहुँदा उनीहरू व्यक्तिगत काम, बैंकबाट ऋण लिने, धितो राख्ने, बेचबिखन गर्न, अंशबण्डा गर्नबाट वञ्चित थिए । विसं २०२९ देखि २०३२ सम्म तनहुँमा पहिलो पटक नक्शानाप गरिएको थियो । तत्कालीन समयमा बाक्लो बस्ती बसेको ठाउँ र बस्ती नबसेको ठाउँमा गाउँ ब्लक भनेर एउटै कित्तामा जग्गा नापी गरिएको थियो । एकै ठाउँमा धेरै घर भएका ठाउँमा नापनक्शा हुन छुट भएको थियो । उक्त समयमा ती जग्गामा ब्लक नम्बर लेखिएको थियो । नापी कार्यालयले अहिले त्यही ब्लक नम्बर नापेर भोगको आधारमा पुर्जा वितरण गरेको हो । कार्यालयले यसअघि तनहुँको आँबुखैरेनी, बन्दीपुर गाउँपालिकामा पनि गाउँ ब्लक अन्तर्गतका पुर्जा वितरण गरिसकेको छ । तनहुँमा विसं २०७१ देखि गाउँ ब्लक नाप्न सुरु गरिएको थियो । नापी कार्यालयका अनुसार जिल्लामा साविकका २२ वटा गाविसमा गाउँ ब्लक रहेको छ ।

# ६० वर्षको उमेरमा वडाध्यक्षकी श्रीमती कक्षा १ मा भर्ना

पोखरापत्र संवाददाता
पर्वत, ९ असार

पढ्नका लागि उमेरले छेक्दैन भन्ने गतिलो उदाहरण यहाँकी एक महिला बन्नुभएको छ । जिल्लाको मोदी गाउँपालिका-८ चित्रेकी विष्णु गुरुङ ६० वर्षको उमेरमा विद्यालय जान थाल्नुभएको हो ।

स्थानीय जनसिद्ध माध्यमिक विद्यालयको कक्षा १ मा अध्ययनरत गुरुङ साक्षर हुन नसकेकै कारण विभिन्न समस्या भोगेपछि बुढेसकालमै भए पनि पढ्ने रहर पूरा गर्न विद्यालय जान थाल्नुभएको हो । "त्यो बेला पढ्ने उमेरमा विभिन्न कारणले पढ्न पाइएन, अहिले ढिलो भए पनि पढ्न रमाइलो भइरहेको छ", उहाँले भन्नुभयो । उहाँका श्रीमान् सुकबहादुर गुरुङ मोदी- ८ चित्रेकै वडाध्यक्ष हुनुहुन्छ । श्रीमती विद्यालयमा भर्ना हुनेबारे उहाँहरूबीच सल्लाह भएको थिएन । आफू कार्यालयबाट फर्किएर घरमा पुग्दा पढेर आएको सुनाउँदा अचम्ममा परेको उहाँको भनाइ छ । शिक्षा आर्जन गर्नका लागि उमेरले केही गर्दैन भन्ने कुरा देखाउन पनि अरुलाई प्रेरणा मिल्ने सुकबहादुरले बताउनुभयो ।

"स्कुल भर्ना हुन्छु भन्ने घर सल्लाह नै थिएन । वडाबाट फर्किँदा लौ म त कक्षा १ मा भर्ना भएर आएँ भनिन", उहाँले भन्नुभयो, "म त अचम्ममा परेँ, यसले अरू निरक्षर प्रौढलाई पनि राम्रो सन्देश जान्छ भन्ने लागेको छ ।" आफ्ना नाति नातिनाले अध्ययन गर्ने तहमा बसेर उनीहरूसँगै खेल्दै रमाउँदै गरेर सिक्दा भनै रमाइलो हुने गरेको विष्णुको अनुभव छ ।

"गाउँमा कति हो कति पाहुना आउँछन्, लौ आमा यो पढ्नु, यो हेर्नु भन्दा मलाई केही पनि आउँदैन भन्दा लाजको मर्नुहुन्थ्यो अब भने पढ्न जान्दछु कि भन्ने विश्वास बढेको छ", उहाँले सुनाउनुभयो । विष्णु जिल्लाकै नमूना हामेस्टे रहेको चित्रेमा आएका धेरै पाहुनालाई खुवाउने, बसाउने र गाएर रमाइलो बनाउने गर्नुहुन्छ । विष्णु भर्ना भएसँगै विद्यालयमा वातावरण रमाइलो बनेको र अरू साना उमेरका विद्यार्थी पनि सिकाइका लागि उत्प्रेरित भएको विद्यालयका प्रधानाध्यापक एकनारायण तिमिल्सिनाले बताउनुभयो । पुराना पुस्ताका व्यक्तिले अझै पनि अध्ययनमा चासो देखाउनुले समाजमा पठन संस्कृतिको विकास हुने र त्यसले हरेक विद्यार्थीलाई अध्ययनशील बनाउने उहाँको भनाइ छ ।

# बन्दीपुरमा मौलिक परम्परागत घर संरक्षण

पोखरापत्र संवाददाता
दमौली, ९ असार

पहाडकी रानी उपनामले परिचित बन्दीपुर क्षेत्रमा रहेका मौलिक परम्परागत घर संरक्षण गर्न थालिएको छ ।

नमूना सहरको रूपमा ख्याती कमाएको यो क्षेत्रको परम्परा जोगाइ राख्न बन्दीपुर गाउँपालिकाले मौलिक घर संरक्षणलाई प्राथमिकता दिँदै आएको हो । आधुनिक घरले मौलिकता गुमाउने हुँदा त्यस्ता घर निर्माणमा प्रतिबन्ध लगाइ परम्परागत घरको जगेर्ना गर्न थालिएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिनुभयो ।

बन्दीपुरका परम्परागत घरमा काठका बुट्टा भएका झ्याल, ढोका, तथा बरण्डा, ईँटा बाहिर देखिने प्यागोडा शैलीका घर बन्दीपुरको मुख्य आर्कषण आर्कषण बनेको छ । अठारौं शताब्दीमा भक्तपुर र बनेपाबाट आएका नेवार समुदायले भक्तपुरे शैलीका घर र ढुङ्गा विच्छ्याएको बाटो निर्माण गरेका थिए । यहाँ घर बनाउनेलाई सटर तथा च्यानलगेट राख्न र आल्मुनियमका झ्यालढोका राख्न प्रतिबन्ध लगाइएको उहाँले बताउनुभयो । सालको काठ महँगो पर्ने भएकोले सामुदायिक वनसँग सहकार्य गरी शुलभदरमा काठ खरिद गर्ने व्यवस्था मिलाइएको गाउँपालिकाले जनाएको छ । परम्परागत तरिकाले घर बनाउन चाहनेलाई सामुदायिक वनबाट काठ खरिदका लागि गाउँपालिकाले पत्र लेखी पाँच गुणा सस्तोमा काठ खरिदको व्यवस्था मिलाइएको छ । च्यानलगेट राख्ने, सटर राख्नेजस्ता नियम विपरीत घर बनाउनेका नक्शापास रोकिदिने गरिएको छ । पर्यटकीयस्थल भएकोले मौलिक घरले व्यवसाय वृद्धि गर्न सहयोग पुग्ने हुँदा सहुलियत दरमा काठ खरिदको लागि व्यवस्था मिलाइएको हो । अध्यक्ष थापाले भन्नुभयो,"बन्दीपुरमा पर्यटकको आगमन बढेसँगै नयाँ घर बन्ने क्रम पनि बढ्दै गएको छ । बन्दीपुरबाट धौलागिरिदेखि अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लु, बुद्ध, हिमालदेखि पूर्वका गणेश हिमाल, लाङटाङ हिमशृङ खलाका सयौं चुचुरो सजिलै देखिन्छ ।" प्रमुख आर्कषण मौलिक घरका अतिरिक्त विभिन्न जातजातिको कला, सस्कृति, ढुङ्गा विच्छ्याइएका बाटा, विभिन्न मठमन्दिर, फराकिलो टुँडिखेल, शहीदपार्क, बाखा अनुसन्धान केन्द्र, रेशम खेती, प्याराग्लाइडिङ आदि हुन् । बन्दीपुरबाट आधाघण्टा ओरालोमा एशियाकै ठूलो मानिने सिद्ध गुफा अवलोकन, मर्स्याङ्दी नदीमा जलविहार, छाङ्दीमा क्यानोनिङ, चुनपहरामा चट्टाङ आरोहण र मनोरम दृश्यले पर्यटक आकर्षित हुने गर्छन् । यहाँ करोडौंको लगानीमा ठूला ठूला रिसोर्ट बन्ने क्रम बढिरहेको छ । काठमाडौं घर भई हाल बन्दीपुरमा पर्यटन व्यवसाय गर्नुभएका विकास श्रेष्ठले काठमाडौँबाटै आँखीभ्याल, बट्टे ढोका फिकाएर करिब रु १८ करोडको लगानीमा नयाँ रिसोर्ट निर्माण गरी सञ्चालनमा ल्याइसकिएको बताउनुभयो । बन्दीपुरको पहिचानको संरक्षणमा टेवा पुऱ्याउनका लागि महँगो भए पनि मौलिक घर बनाइएको उहाँको भनाइ थियो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं.१३ दशमुरी डिही गाउँ खानेपानी तथा पधेराखोला आमटारी डिही गाउँ खानेपानी मर्मत गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

योजनाको नामः दशमुरी डिही गाउँ खानेपानी तथा पधेरा खोला आमटारी डिही गाउँ खानेपानी मर्मत ।

स्थानः आर्वा विजय डिही पोखरा महानगरपालिका-१३

उपभोक्ता समितिको नामः दशमुरी डिहीगाउँ खानेपानी तथा सरसफाई उपभोक्ता समिति

योजनाको कुल लागतः रु ३,३६,३५३.४७।-

योजना सम्झौता मिति : २०७८/११/१८ गते

योजना सुरु मिति : २०७८/११/२० गते

योजना सम्पन्न मितिः २०७९/०२/३० गते

खानेपानी मर्मतः बिग्रेको पाइप मर्मत गरी नयाँ पाईप जडान गरी, पानी मुहानमा इन्टेक निर्माण, मर्मत सम्भार तथा ग्याबिङ वक्सद्धारा संरक्षण (घेराउ) गर्ने काम इत्यादि ।

महानगरपालिकाबाट : ३,००,०००।-

उपभोक्ताबाटः ३४,०००।- जनश्रमदानः २,३५३.४७।-

कन्टेन्जेन्सीः ९,७२६.५३।- जम्मा खर्चः ३,३६,३५३.४७।-

उपभोक्ता समिति अध्यक्षः लक्ष्मण गुरुङ

उपाध्यक्षः रामदेवी क्षेत्री कोषाध्यक्षः होम बहादुर गुरुङ

सचिवः पूर्ण बहादुर गुरुङ

सदस्यहरुः स्वर्ग बहादुर गुरुङ, चन्द्रदेवी क्षेत्री, चित्र बहादुर गुरुङ, केशवरि गुरुङ, लाल बहादुर नेपाली

अनुगमन समितिः संयोजक- कर्णेल चेत बहादुर गुरुङ,

ना.सु. खडका बहादुर गुरुङ, गमन बहादुर गुरुङ

**दशमुरी डिही गाउँ खानेपानी तथा सरसफाई उपभोक्ता समिति पोखरा-१३**

